# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर डा. नेपालद्वारा प्रभु बैंक लि.को एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले प्रभु बैंक लिमिटेड र ग्राण्ड बैंक नेपाल लिमिटेड एकआपसमा गाभिई कायम भएको प्रभु बैंक लिमिटेडको एकीकृत कारोबारको माघ २९ गते एक कार्यक्रम बीच शुभारम्भ गर्नुभयो ।




गभर्नर डा. नेपालले प्रमुख अतिथिको रूपमा मन्तव्य राख्नुहुँदै पछिल्लो केही समय देशमा उत्पन्न असहज अवस्थामा क्रमशः सुधार देखिएकोले बैंक तथा वित्तीय संस्थाहरुको लगानी विस्तारका लागि उपयुक्त समय आएको बताउनु भयो । लगानीका लागि सहज वातावरण बन्दै जानु र बैंक तथा वित्तीय संस्था एकआपसमा गाभिई ठुलो र सक्षम संस्था बन्दै जानुलाई राम्रो संयोगको रुपमा व्याख्या गर्दै उहाँले अबका दिनहरुमा पुँजीगत खर्च बढ्ने, बैंकहरूको कर्जा लगानी पनि बढ्ने र नेपाल राष्ट्र बैंकले तरलता प्रशोचन गरिरहनुपर्ने आवश्यकता नरहने आशा समेत व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा गभर्नर डा. नेपालले ठुला आयोजनाहरुको निर्माणमा ठुलो पुँजी आवश्यक पर्ने भएकोले त्यस्ता योजनाहरुमा लगानी गर्नका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि आवश्यक रहेको उल्लेख गर्नुभयो । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा बैंकहरूको चुक्ता पुँजी वृद्धिको व्यवस्था गरिएको प्रस्ट पार्दै मर्जर तथा एक्विजिसनलाई पुँजी वृद्धिको एउटा उपायको रुपमा लिन सकिने धारणा उहाँले राख्नुभयो । नेपालमा बैंकिङ्ग विकासको इतिहास छोटो रहेको र बैंकिङ्ग कारोवार गर्ने सबै संस्था तथा कर्मचारीहरूको शैक्षिक पृष्ठभूमि एउटै रहेको हुनाले नेपालमा संस्थाहरू मर्ज हुन सहज रहेको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालले बैंकहरु जनताको विश्वासमा नै अडेको हुनाले सो विश्वास कायम राख्न बैंक तथा वित्तीय संस्थाहरुसँग आग्रह गर्नुभयो । विगत एक वर्षको अवधिमा नौ लाख भन्दा बढी बैंक खाताहरु खुल्नु र गत वैशाखको भूकम्पपछि बैंक तथा वित्तीय संस्थाहरुमा ठुलो धनराशी जम्मा हुनु बैंकप्रति जनताको विश्वासको प्रमाण हो भन्नुहुँदै उहाँले अझै पनि बहुसंख्यक जनता बैंकिङ सेवाबाट बञ्चित रहेकोले शाखा विस्तारको आवश्यकता औंल्याउनुभयो । विगतमा बन्द भएका बैंक शाखाहरु पुनर्स्थापनाका लागि पनि उहाँले जोड दिनुभयो ।

बैंकिङ व्यवसाय अन्य व्यवसायभन्दा पृथक भएकाले बैंकिङ क्षेत्र बुझेका व्यक्तिहरु मात्र यस क्षेत्रमा आउनका लागि गभर्नर डा. नेपालले सुझाव दिनुभयो । सो अवसरमा उहाँले नेपाल राष्ट्र बैंकले नियमन व्यवस्थालाई अन्तर्राष्ट्रिय स्तरको बनाउँदै लगेको समेत जानकारी गराउनु भयो ।

२०७२ माघ २९, शुक्रबार

गभर्नरको कार्यालय